# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (४), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, फागुन २० गते, २०७७ साल, संख्या ११**

## भाग-२

**नेपालको संबिधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, कार्यविधि तथा निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

सूर्योदय नगरपालिकाको

गुणस्तरीय चिया संकलन मापदण्ड कार्यान्वयन कार्यविधि २०७७

## प्रस्तावना

सूर्योदय नगरपालिकाले यस क्षेत्रमा प्रमुख नगदेवालीका रुपमा रहेको चिया र यस क्षेत्रका चिया उद्योगहरुको परिमाणात्मक गतिसँगै चियाको गुणात्मक पक्षतर्फ सचेत रहन अन्य राष्ट्रिय स्तरमा स्वीकार्य हुने मापदण्ड अनुरुप उत्पादन गर्न, आन्तरिक बाह्य बजार प्रवर्ध्दन गर्न, स्थायी बजार र उपभोक्ता सुरक्षित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सूर्योदय कृषि व्यवसाय प्रवर्ध्दन ऐन २०७४ को अधिनमा रही सूर्योदय नगरपालिका क्षेत्रमा गुणस्तरीय चिया संकलन कार्य सम्पादन सम्बन्धमा देहाय बमोजिम कार्य गर्ने गरी यो कार्यविधि जारी गरिएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम “गुणस्तरीय चिया संकलन मापदण्ड कार्यान्वयन कार्यविधि २०७७” रहने छ।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२) परिभाषा**

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

क) समिति भन्नाले सम्बन्धित सरोकारवालाहरु मध्येबाट गठन भइ यस कार्यविधि कार्यान्वयन गर्न गठित अधिकार सम्पन्न समिति भन्ने बुझ्नुपर्छ।

ख) चिया उत्पादक भन्नाले Camellia, विरुवाका पात, मुना, सुइरा रोपण, उत्पादन गरी कच्चा पदार्थ विक्री गर्ने भने बुझिन्छ।

ग) चिया प्रशोधक भन्नाले हरियो चियापत्तीको प्रशोधन गरी तयारी चियामा परिणत गरी विक्रीगर्ने व्यक्ति, उद्योग र कारखाना समेतलाइ बुझाउँछ।

घ) चिया संकलक भन्नाले उत्पादकहरुद्वारा उत्पादित कच्चा पदार्थ संकलन एवं कारखाना प्रशोधकसम्म ढुवानी गरी पुर्याउने व्यक्तिलाई जनाउँछ।

ङ) चिया व्यवसाय भन्नाले चियाको उत्पादक, संकलक, प्रशोधन, प्याकेजिङ्ग एवं बजारीकरणलाई बुझाउँछ।

च) Fineness% भन्नाले चियाको हरियोपातका नरमपनालाई बुझाउँछ। जस्को निर्धारण अनुसूची १ बमोजिम भएको हुनेछ ।

छ) सकलन भन्नाले हरियो चिया पत्ति संकलन गर्ने कार्यको लागि सूर्योदय नगरपालिका वा अन्तरगतका वडा कार्यलयमा दर्ता भई अनुमति प्राप्त गरेको सकलन केन्द्रलाई जनाउँदछ।

**३) चिया संकलन केन्द्र मापदण्ड**

१) संकलन केन्द्र संचालकले गुणस्तरिय पत्ति उत्पादन र संकलनका लागि प्रतिबद्ध हुनु पर्ने छ।

२) कृषकहरुले देख्ने स्थानमा पत्तिको ग्रेडिङ विधि र मूल्य सूची अनिवार्य रुपमा राख्नु पर्ने छ।

३) प्रत्येक कृषकलाई ग्रेडिङ प्रतिशत उल्लेख गरी तत्काल पान न. सहितको खरिद विल उपलब्ध गराउनु पर्ने छ।

४) हरियो पत्तिलाई जालिदार झोलामा(नेट)राखी बढीमा ३५ केजी सम्म पत्ती कारखाना सम्म यथासिध्र चाडो ढुवानी गर्नु पर्ने छ।

५) संकलन केन्द्रको वरिपरि र संकलन केन्द्र भित्रको वातावरण स्वच्छ र सफा राख्नु पर्ने छ।

६) लामो र कम गुणस्तरको पत्तीको खरिद नगर्ने साथै टिपाइ पछीको गुणस्तर सम्रक्षणमा जोड दिनु पर्ने छ।

७) चिया कृषकले अपरान्न ४ बजे सम्म हरियो चिया पत्ति संकलन केन्द्रमा पुर्याइ सक्नु पर्ने र संकलकले वेलुकी ६ बजे सम्म उद्योगमा पुर्याइ सक्नु पर्ने छ।

८) चिया ढुवानीका सवारी साधनहरु अनिवार्यरुपमा वडा कार्यालयमा सूचिकृत गर्नु पर्ने छ र सम्बन्धित वडा कार्यालयबाटै सवारी अनुमतिको व्यवस्था मिलाउनु पर्ने छ।

९) चिया संकलकले माथि उल्लेखित मापदण्डहरु पालना गर्ने शर्तमा मात्र सम्बन्धित वडा कार्यालय संग सम्झौता गरे पश्चात व्यवसाय सञ्चालन गर्नु पर्ने छ।

१०) संकलन कर्ताले सूर्योदय नगरपालिकाको गुणस्तरिय चिया उत्पादन मापदण्ड कार्यान्वयन कार्यविधि २०७५ लाई अक्षरस पालना गरी न्यूनतम गुणस्तरको न्यूनतम ४० रुपैयाँ किसानलाई भुक्तानी दिइने प्रतिबद्धता गर्नु पर्नेछ।

११) गुणस्तरिय उत्पादन मापदण्ड कायम गर्नका लागि संकलन केन्द्रले कम गुणस्तरको पत्ती आएमा संकलन केन्द्रबाट नै फिर्ता गर्नु पर्ने छ।

**४) समितिको गठन**

१) माथि दफा ३ बमोजिमका मापदण्ड पालना भए नभएको अनुगमन गर्ने निम्नानुसारको नगर स्तरीय र वडा स्तरीय अनुगमन समिति गठन गरिनेछ।

**क) नगर स्तरिय अनुगमन, निरिक्षण तथा निर्देशन समिति**

| | |
|---|---|
| १. नगर प्रमुख- | संयोजक |
| २. नगर उप-प्रमुख- | सदस्य |
| ३. संयोजकले तोकेको नगर सभाका महिला र पुरुष एक एक जना- | सदस्य |
| ४. सम्बन्धित शाखाको शाखा प्रमुख – | सदस्य |
| ५. चिया विस्तार योजनाका योजना प्रमूख वा निजले तोकेका व्यक्ति - १ जना | सदस्य सचिव |

**५) नगर स्तरियस मितिको काम कर्तव्य र अधिकार**

१. माथी दफा ३ का मापदण्डहरु लागू गर्ने गराउने।

२. चिया प्रशोधक,हरियो पत्ति संकलक एवं उत्पादकहरुको समय समयमा अनुगमन गर्ने।

३. वडा स्तरिय समितिबाट कार्वाहिको लागि सिफारिस भई आएमा नियमानुसार निर्देशन तथा कार्वाही गर्ने।

४. समितिले आवश्यक परेमा सरोकारवालाहरु संयुक्त वा छुट्टाछुट्टै बैठक बोलाउन सक्नेछ।

५. समितिले आवश्यक परेमा विषय विशेषज्ञहरु राखी छलफल गर्नेछ।

६. नेपाल सरकारका मापदण्ड बमोजिम समितिका सदस्यहरुलाइ बैठक एवं भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

७. समितिको बैठक अध्यक्षले तोके बमोजिम मासिक न्यूनतम १ पटक वा आवश्यक परेमा सो भन्दा बढी बस्न सक्नेछ ।

**ख) वडास्तरिय अनुगमन समिति**

| | |
|---|---|
| सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| चिया कृषक प्रतिनिधि -२ जना | सदस्य |
| ठूला प्रशोधक प्रतिनिधि -१ जना | सदस्य |
| साना प्रशोधनकर्ता प्रतिनिधि -१ जना | सदस्य |
| उद्योग वाणिज्य महासंघ प्रतिनिधि - १ जना | सदस्य |
| सम्बन्धित शाखाको प्रमुख १ जना | सदस्य |

चिया विस्तार योजनाका योजना प्रमूख वा निजले तोकेका व्यक्ति - १ जना सदस्य सचिव

**६)वडा स्तरिय समितिको काम कर्तव्य र अधिकार**

१. माथी दफा ३ का मापदण्डहरु लागू गर्ने गराउने ।

२. चिया प्रशोधक,हरियो पत्ति संकलक एवं उत्पादकहरुको समय समयमा अनुगमन गर्ने ।

३. दफा३ का मापदण्ड पालना नभएको पाइएमा कारवाहीका लागी नगरपालिकामा सिफारिस गर्ने ।

४. समितिले आवश्यक परेमा सरोकारवालाहरु संयुक्त वा छुट्टाछुट्टै बैठक बोलाउन सक्नेछ ।

५. समितिले आवश्यक परेमा विषय विशेषज्ञहरु राखी छलफल गर्नेछ ।

६. नेपाल सरकारका मापदण्ड बमोजिम समितिका सदस्यहरुलाइ बैठक एवं भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

७. समितिको बैठक अध्यक्षले तोके बमोजिम मासिक न्यूनतम १ पटक वा आवश्यक परेमा सो भन्दा बढी बस्न सक्नेछ।

**७) संशोधनः**

१. यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ।

**८) बाधा अड्काउ फुकाउनेः**

१. यस कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने तथा व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुने छ।

**९) खारेजी तथा बचाउः**

१. यो कार्यविधिमा भएको कुनै पनि व्यवस्था नेपालको संविधान, प्रचलित संघीय तथा प्रादेशिक कानून संग बझिएमा बाझिएको हदसम्म बदर भागी हुने छ।

अनुसूची- १

हरियो पत्ती ग्रेडिङ्ग विधि

1. सुइरो, एक पात सुइरो, दुई पात सुइरा छ भने लिने ।
2. एक पात नरम बाँझी छ भने लिने ।
3. तिन पात तथा चार पात एक सुइरोबाट दुई पात एक सुइरा चुडेर लिने ।
4. दुई पात बाँझी तथा चार पात माथिका पत्ती नलिने ।
5. काला पात, रोग किरा लागेका पत्ती नलिने ।

नोटः सय ग्राम पत्तिका नमूनाबाट माथि उल्लेखित पत्तीको बजन लिएर ग्रेडिङ्ग प्रतिशत पत्ता लगाउने
।